# श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन पत्र

विषय: **परमादेश सहित उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ।**

का.जि.का.म.न.पा वडा नं. ८ बस्ने अधिवक्ता यज्ञमणि न्यौपाने ............................१ **निवेदक**

बिरुद्ध

सर्वोच्च अदालत, रामशाहपथ, काठमाण्डौ.......................................................१

का.जि.का.म.न.पा वडा नं. २९ बस्ने पुर्व प्रधानन्यायाधिश चोलेन्द्र शम्सेर ज.व.रा....१ **विपक्षी**

**मुद्धा — परमादेश समेत।**

म निवेदक निवेदन वापत लाग्ने दस्तुत साथै राखी निम्न व्यहोराको निवेदन गर्दछु ।

१. निवेदक कानुन व्यवसायी हुँ। राज्यका सबै निकायलाई विधि नियम कानुन बमोजिम गर्न आदेश निर्देशन दिने र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सम्मानित सर्वोच्च अदालतमा अन्तर निहित छ। संविधान कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम कानुनको अन्तिम व्याख्या गरेको विषय पालना नगर्नेलाई अदालतको अवहेलनामा कारवाही चलाउने सम्मको अधिकार संविधानको धारा १२६,१२८ मा रहेको छ।

२. संविधानको धारा १३३(१) बमोजिमको निवेदन तथा धारा १३७(२)(क)(ख) र (३) बमोजिमको विषय संवैधानिक इजलासबाट हेरीने छ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्था अनुसार प्रतिनिधि सभा विघटन सम्बन्धि परेको रिट माथी मिति २०७७।११।११ मा फैसला भएको थियो। सर्वोच्च अदालत नियमावली २०७४ को नियम ९१ (१) मा इजलासमा मुद्दा हेर्ने न्यायधीश वा न्यायाधीशहरुको राय कायम भई निर्णय सुनाई सकेपछि सम्बन्धित न्यायाधीशले सो निणर्य सुनाएको मितिले सामान्यतया एक्काईस दिन भित्र सो अनुरुपको पुरा फैसला तयार गर्नुपर्ने भन्ने कानुनी व्यवस्था रहेको छ।

३. प्रतिनिधि सभा पुर्नस्थापना सम्बन्धि मुद्दा निवेदक सन्तोष भण्डारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय समेत भएको ०७७—wc—००२८ तथा अन्य लगाउमा रहेको ०७७—wc—००३१ देखि ०७७—wc—००४२ सम्मका लगाउका तेह्र थान मुद्दाको फैसला/आदेशको प्रतिलीपी माग गर्न जाँदा फैसला गर्ने अन्य माननिय न्यायाधीशज्यूहरुले फैसलामा सही गरेतापनि पुर्व प्रधानन्यायाधिश चोलेन्द्र शम्शेर ज.व.रा.ले सही नगरी बाँकी रहेको फैसला/अन्तिम आदेशको लिखत सम्बन्धि फाँटको कर्मचारीले देखाएकोले वाध्य भई प्रस्तुत रिट निवेदन गर्न आएको छु।

४. न्यायाधीशले आफ्नो संवैधानिक तथा कानुनी दायित्व विपरीत मुद्दामा समयमै फैसला तयार नगर्नु न्यायिक जिम्मेवारीको गम्भीर उल्लंघन हो। यस प्रकारको व्यवहार विधिशास्त्रीय दृष्टिकोणले हेर्दा अख्तियारीको दुरुपयोग (Abuse of Authority) को स्पष्ट उदाहरण मानिन्छ। कानुनले तोकेको समयसीमाभित्र फैसला तयार नगर्ने कार्यले विधिको शासन (Rule of Law) को आधारभूत मर्ममाथि प्रहार गर्छ। न्यायपालिकाले प्रत्यक्षरूपमा जनउत्तरदायी भूमिका वहन गर्नुपर्दछ। फैसला लेखन प्रक्रियामा ढिलाइ हुनाले नागरिकको न्यायालयप्रतिको भरोसा घट्ने अवस्था उत्पन्न हुन्छ। अन्तर्राष्ट्रिय अभ्यासमा समेत मुद्दाको कार्यसम्पादन यथासमयमा हुनुपर्छ भन्ने मान्यता छ, जस्तै युरोपियन कोर्ट अफ ह्युमन राइट्सले "समयमै न्याय" लाई नै मानव अधिकारको अङ्ग मानेको छ। त्यसैले यस्तो लापरवाहीपूर्ण अभ्यास कानुनी दृष्टिकोणले समेत अमान्य हुन्छ। संवैधानिक इजलास नेपालको सर्वोच्च संवैधानिक प्रश्नको व्याख्याको लागि स्थापित विशेष ईजलास हो। यथार्थमा संवैधानिक इजलासको हरेक निर्णयले देशको शासन प्रणाली, लोकतान्त्रिक मूल्य र नागरिक अधिकारमा दीर्घकालीन असर पार्छ। यस्तो महत्त्वपूर्ण ईजलासमा प्रधानन्यायाधीश स्वयंले ५ बर्षसम्म फैसलामा सही नगर्नु वा पूर्वाग्रही व्यवहार प्रदर्शन गर्नु न्यायिक गरिमा, विधिशास्त्रीय सिद्धान्त र संवैधानिक जिम्मेवारीको गम्भीर उल्लंघन हो।

५. नेपालको संविधानको धारा १२८(४) अनुसार गठित संवैधानिक इजलासको प्रमुख उद्देश्य संविधानको व्याख्या, मौलिक हकको रक्षा र संवैधानिक विवादको समाधान गर्नु हो, जसको नेतृत्व अनिवार्य रूपमा प्रधानन्यायाधीशले गर्ने व्यवस्था छ। तर जब नेतृत्वकर्ताले आफैं कुनै निर्णयमा सही नगरी वा अन्तिम फैसला जानाजान रोकेर बस्छन्, तब यसले केवल न्याय ढिलाइको प्रश्न मात्र होइन, समग्र न्याय प्रणालीको गरिमा, निष्पक्षता, र उत्तरदायित्वमाथि गम्भीर प्रश्न उठाउँछ। विधिशास्त्रमा सर्वस्वीकृत मान्यता रहेको छ, "न्यायमा ढिलाइ भनेको न्याय नहुनु हो" । निष्पक्षता र पूर्वाग्रहविहीन निर्णय न्यायाधीशको संवैधानिक, कानुनी, नैतिक तथा पेशागत आचरण हो, तर व्यक्तिगत सोच वा सम्बन्धका कारण निर्णय रोकिनु न्यायालयको नै संस्थागत अपमान हो, जसले अदालतप्रतिको जनविश्वासमा गम्भीर आँच पुऱ्याउँछ। कार्यसम्पादनमा यस्तो लापरवाहीले संवैधानिक इजलासका अन्य मुद्दाहरू समेत संस्थागत अराजकता सिर्जना गर्छ। अन्तर्राष्ट्रिय अभ्यासले पनि यस्ता व्यवहारलाई असह्य ठानेको पाइन्छ। भारतमा सर्वोच्च अदालतले तीन महिनाभित्र निर्णय लेखन अनिवार्य गरेको छ भने अमेरिका र युरोपका अदालतहरूमा न्यायाधीशको कार्यसम्पादनमा जवाफदेहिता र अनुशासन कायम गर्न विधि तथा संस्थागत संयन्त्र निर्माण गरिएको छ। नेपालको सन्दर्भमा फैसला लेखनमा कानुनले समयसीमा निर्धारण गरेतापनि पालना नगरेको अवस्थाका लागि प्रभावकारी आचारसंहिता लागू गर्ने, पारदर्शितामा आधारित न्यायिक सुधार अनिवार्य भइसकेको छ। न्यायिक सुधार अब केवल संरचनागत परिवर्तनमा सीमित नरही, न्यायाधीशहरूको व्यक्तिगत आचरण र जवाफदेहितासँग समेत गाँसिनु आवश्यक भइसकेको छ, अन्यथा विधिको शासन, अदालत प्रतिको जनताको आस्था र भरोसा क्रमशः खण्डित हुँदै जानेछ।

६. न्यायाधीशले सेवा निवृत्त भएपछि पाँच वर्षसम्म पनि फैसला तयार नगर्नु अदालतप्रतिको अवहेलनाको विषय हो भन्ने धारणा स्पष्ट हुन्छ। तर यस्तो अवस्थामा छुट्टै "अवहेलनाको निवेदन" पेश गर्नु आवश्यक नपर्ने कारण पनि छ, तसर्थ, निवदकले अपहेलना तर्फको छुट्टै निवेदन दिएको छैन किनकि अदालत आफैंले परमादेश (mandamus) अन्तर्गतको निवेदनको आधारमा नै फैसलाको प्रमाणिकरण वा जारी नगर्नेको विषयलाई अपहेलनाको विषय तर्फसमेत उठान गरि मुद्दाको कारवाही अगाडी बढाउन सक्छ। नेपालको संवैधानिक व्यवस्था र प्रचलित न्याय प्रशासन ऐनले अदालतलाई आफ्नो आदेश र निर्णयको

अवहेलनाप्रति स्वतः Sui Moto कारबाही गर्न अधिकार दिएको छ। विधिशास्त्रमा न्यायपालिका अन्तर्गत पर्ने "Willful Delay (जानजानी ढिलाइ)" गर्ने कार्यलाई स्वतः अवहेलना (contempt) ठानेर कारबाही गर्न सकिन्छ। जसमा छुट्टै निवेदनको समेत आवश्यकता पर्दैन। विधिशास्त्रीय परिप्रेक्ष्यले न्याय व्यवस्थामा "समयमै न्याय" को सिद्धान्त (justice delayed is justice denied) लाई प्राथमिकताका साथ जोड दिन्छ। जब न्यायाधीशले जानाजानी फैसला तयार नगर्ने तर्फ अग्रसर हुन्छन्, त्यो केवल व्यक्तिगत दायित्वको उल्लंघन मात्र होइन की संस्थागत नैतिकता र सार्वजनिक विश्वास हासिल गर्ने तर्फ समेत असफलता हो। तसर्थ, यसरी तत्कालिन सम्माननीय प्रधानन्यायाधीशबाट नै फैसला तयार र प्रमाणिकरण नगरेको विषय सार्वजनिक सरोकार र चासोको विषय भई यस्तो विषयमा उपचार खोज्ने अर्को भरपर्दो बैकल्पिक उपचारको बाटो समेत नभएको हुँदा प्रस्तुत रिट निवेदन गर्न आएको छु।

७. अतः माथिका प्रकरणमा उल्लेख भए अनुसार विपक्षी पुर्व प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जवराले ५ बर्ष वितिसक्दा पनि निज समेतको मिती २०७७/११/११ मा गठन भएको संवैधानिक ईजलासबाट मुद्दा नं. ०७७-WC-00२८ समेतका १३ थान लगाउका रिट निवेदन उपर फैसला/अन्तिम आदेश भएकोमा सो आदेशको पुर्णपाठमा हालसम्म पनि सही गर्नु भएको छैन।फैसलामा एकमत नभए आफ्नो राय र एकमत भए सामुहिक राय सहितको फैसला लेखी प्रमाणिकरण गर्नु पर्नेमा अन्य निहित स्वार्थ राखि फैसला तयार नगरेको र सहीछाप प्रमाणिकरण समेत नगरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१(१) समेतले निर्धारण गरेको पदिय दायित्व समेत पुरा नगरेको तथा नियमावलीले निर्धारण गरे अनुसारको म्याद भित्र फैसला लेखन तयारी र सहिछाप नगरेकोले अविलम्ब फैसला तयार तथा सहीछाप गर्नु भनि विपक्षी चोलेन्द्र शम्शेर जवराको नाममा नेपालको संविधानको धारा १३३(२)(३) अनुसार परमादेशको लगायत जे जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरी पाउँ।

८. विपक्षी पुर्व प्रधानन्यायाधीश चोलेन्द्र शंम्सेर जवराले ५ बर्ष वितिसक्दा पनि मिति २०७७।११।११ को फैसला अन्तिम/आदेशमा सही गर्नु भएको छैन । फैसलामा एकमत नभए आफ्नो राय र एकमत भए सामुहिक राय सहितको फैसला लेखी प्रमाणिकरण गर्नु पर्नेमा न्यायपालिका प्रति पुर्वाग्रह राखि फैसला तयार नगरेको र सहीछाप प्रमाणिकरण समेत नगरी सर्वोच्च अदालत नियमावली २०७४ नियम ९१(१) ले निर्धारण गरेको पदिय दायित्व समेत पुरा नगरेको हुँदा न्यायपालिकाको आस्था र गरिमालाई कायम राख्न प्रधानन्यायधीश जस्तो गरिमामय पदाधिकारीले प्राप्त अख्तियारीको पालना नगरेको क्रियालाई जतिसक्दो छिटो पालन गराई न्यायपालिकाको जनआस्था र भरोसामा भएको गिरावटको अपुरणीय क्षतिलाई रोकी न्यायपालिका प्रतिको जनआस्थालाई कायम राख्नका लागि अविलम्ब फैसला तयार तथा सहीछाप प्रमाणीकरण गर्नु-गराउनु, फैसला तयार पार्ने तथा सहिछाप गर्ने कार्य नरोक्नु भनि विपक्षी चोलेन्द्र शम्शेर जवरा समेतका नाममा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९(१) बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ। साथै, प्रस्तुत विषयबस्तुको गम्भिरतालाई मध्यनजर गरी अग्राधिकार दिलाई मुद्दाको सुनुवाई गरिपाउँ।

९. यसमा लेखिएको व्यहोरा ठिक साचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

निवेदक

अधिवक्ता यज्ञमणि न्यौपाने

इति सम्बत् २०८२ साल श्रावण महिनाको .... गते रोज ......शुभम् ..........................................